# 2025 साल अप्रिल महिनामा प्राथमिक / जुनियर हाइस्कूलमा भर्ना हुने बालबालिका तथा अभिभावकहरूको लागि



## भर्नाको उपलक्ष्यमा उपहार रकम बारेको सूचना

सिन्ज्युकु-कु शिक्षा समितिले, आगामी शैक्षिक सत्रमा भर्ना हुने नव प्राथमिक विद्यालय विद्यार्थी / नव निम्न माध्यामिक विद्यालय विद्यार्थी उमेरका बच्चाहरूलाई, भर्नाको उपलक्ष्यमा उपहार रकम प्रदान गरिने छ।

(नव प्राथमिक विद्यालय विद्यार्थी हुने उमेर पुगेका प्रत्येक बच्चालाई **50 हजार येन,** नव निम्न माध्यामिक विद्यालय विद्यार्थी हुने उमेर पुगेका प्रत्येक बच्चालाई **1 लाख येन**)

उपहार रकम प्राप्त गर्नको लागि, **निवेदन दिनु आवश्यक छ।**

लक्षित परिवारलाई, **2025 साल जनवरी 24 तारिख (शुक्रवार)** का दिन हुलाकद्वारा सूचना पठाइने छ।

## लक्षित व्यक्ति

तलको ① वा ② मा पर्ने बालबालिका

① 2018 साल अप्रिल 2 तारिख देखि 2019 साल अप्रिल 1 तारिख सम्मको बीचमा जन्मेको बच्चा (नव प्रावि विद्यार्थी हुने उमेर )
2012 साल अप्रिल 2 तारिख देखि 2013 साल अप्रिल 1 तारिख सम्मको बीचमा जन्मेको बच्चा (नव प्रावि विद्यार्थी हुने उमेर )

② आधार मिति (2025 साल जनवरी 1 तारिख) का दिनमा, सिन्ज्युकु-वडाको ज्यूमिन किहोन दाइच्योमा नाम दर्ता भएको बच्चा (※)

※यद्यपि, सिन्ज्युकु-वडामा बसोबास गरिरहेको भएता पनि, घरेलु हिंसा (DV) आदिको कारणबाट सिन्ज्युकु-वडाको ज्यूमिन किहोन दाइच्योमा नाम दर्ता नभएको व्यक्ति पनि लक्षित व्यक्तिमा पर्छ।
रकम प्राप्त गर्न चाहनुहुन्छ भने, देहायको सम्बन्धित शाखामा तुरुन्त सम्पर्क गर्नुहोस्।

## निवेदन दिने तरिका

सूचनापत्रका साथ पठाइएको "पुष्टिकरण फाराम" मा आवश्यक विवरण भरी, बैंक आदिको पासबुकको फोटोकपी संलग्न गरी, फिर्ती खाममा हालेर पठाउनुहोस्।

रकमान्तर हुने सम्भावित मितिको बारेमा, पछि छुट्टै पठाइने भुक्तानीको निर्णयको सूचनापत्र मार्फत जानकारी दिइनेछ।

**पुष्टिकरण फाराम बुझाउने अन्तिम म्याद : 2025 साल मार्च 31 तारिख (सोम)** हुलाक छाप मान्य

## सम्पर्कको लागि

सिन्ज्युकु-कु भर्नाको उपलक्ष्यमा उपहार रकम कल सेन्टर

☎ **0120-553-663** (नि:शुल्क)

【खुल्ने समय】कार्यालय खुल्ने दिन बिहान 8:30 देखि दिउसो 5 बजे सम्म

विस्तृत विवरणको लागि सिन्ज्युकु-कुको होमपेज हेर्नुहोस्

## सम्बन्धित शाखा

सिन्ज्युकु-कु शिक्षा समितिको सचिवालय, विद्यालय सञ्चालन शाखा, विद्यालय सञ्चालन सहयोग फाँट ☎ 03-5273-3089